जनमुखी पत्रकारिताको अभ्यास
# लाल बिगुल
Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्षः- १५ अंकः- ६१ २०८२ साल असोज २२ बुधवार ( October 8, 2025) पृष्ठ संख्याः- ४ मुल्य रु : ५।-

## राज्य नै ठप्प भएका बेला पनि काठमाडौं महानगर दायित्वबाट पछि हटेको थिएन : बालेन

बिगूल समाचार
२२ असोज २०८२



काठमाडौं । काठमाडौं महानगर पालिकाका मेयर बालेन शाहले २४ गते जेनजी आन्दोलनका क्रममा सिंहदरबारमा आगजनी भएपछि महानगरको दमकल पठाउँदा भिडले जान नदिएको बताएका छन् । आन्दोलनका क्रममा महानगर पालिकाले जलेका संरचनाहरू नजोगाएको गम्भीर आरोप लागिरहेका बेला मेयर बालेनले स्पष्टीकरण दिँदै यस्तो बताएका हुन् । उनले आफूहरू कुनै आरोप र जिम्मेवारीबाट नभाग्ने पनि बताएका छन् ।

भदौ २४ गते राज्य नै ठप्प भएको र सरकार, सुरक्षा संयन्त्र सबै फेलियर भएका बेला स्थानीय सरकार काठमाडौं महानगर आफ्नो दायित्वबाट पछाडि नहटेको उनको दाबी छ । 'प्रहरीले आफ्नो चौकीसमेत जोगाउन नसकेको पूर्ण अराजक स्थितिमा सम्पूर्ण संरचना नै ढलेको थियो । सवारीसाधन आवतजावतको त कुरै छाडौं, मान्छेसमेत हिँडडुल गर्न सक्ने अवस्था थिएन,' बालेनले भनेका छन् । 'सिंहदरबार जलेलगत्तै दमकल जाने प्रयास गरे पनि आन्दोलनकारीको अवरोधले गर्दा दमकल जान सकेको थिएन । नेपाली सेनाको दमकल सिंहदरबारभित्रै हुँदा पनि निभाउने प्रयास गर्न सकेको थिएन,' बालेनले भनेका छन्, 'कारण थियो- हुलले दमकललाई काम गर्न नदिएको ।' भिड शान्त हुनासाथ महानगरको दमकल सिंहदरबार पुगेको बताउँदै उनले भनेका छन्, 'जब भिड अलिक शान्त हुनेबित्तिकै २४ गते साँझ ८:१५ भित्रै काठमाडौं महानगरको दमकल त्यहाँ पुगेको थियो ।'

न्युरोडमा २ वटा, बालाजुमा २ वटा र रामहिटीमा एउटा गरी महानगरसँग ५ वटा दमकल सञ्चालनमा रहेको उनले जनाएका छन् । १४ जना नगर प्रहरी र ३० जना सशस्त्र प्रहरी गरी ४४ जनाको टिमले ३ सिफ्टमा काम गर्ने र १ सिफ्टमा एउटा दमकलमा बढीमा ३ जना मात्र जनशक्तिमार्फत् दमकल सञ्चालन गरिएको उनको भनाइ छ । '२३ गते केही स्थानमा र २४ गते सिंहदरबार, काठमाडौंमात्रै होइन, सिंगो देश जल्दै थियो,' उनले भनेका छन्, 'महानगरभित्र जुनसुकै संरचना जले पनि जोगाउने प्रमुख दायित्वबोध हामीले गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो ।' भदौ २३ गते दिउँसो साढे १ देखि ५ बजेसम्म संसद् भवनअगाडि आगो लागिरहेको एम्बुलेन्समा न्युरोड र रामहिटीको दमकलले आगो निभाइरहेको उनले बताएका छन् । बालेनले भनेका छन्, 'न्युरोडकै अर्को दमकलले सुन्धारा र शान्तिनगर बिजुलीको पोलमा आगो निभाइरहेको थियो ।' २४ गते बिहानैदेखि कुनै पनि दमकल सञ्चालनमा आउन नसकेको र राति ८ देखि १ बजेसम्म काम गरिहरेको उनको दाबी छ ।

यस्तै, आन्दोलन सुरु भएदेखि २८ गतेसम्म महानगरको सम्पूर्ण संयन्त्र नागरिकको सुरक्षा र भौतिक संरचना जोगाउन रातदिन खटिएको बालेनको दाबी छ । आन्दोलनका क्रममा ५५ पटकभन्दा बढी स्थानमा दमकल परिचालन भएको र स्वास्थ्यकर्मीको टोलीले घाइतेको उपचारदेखि मृतकको शव व्यवस्थापनसम्मको जिम्मेवारी लिएको उल्लेख गरेका छन् । आफूहरूले गरेको सबै कामको प्रमाण भएको उनले दाबी गरेका छन् । संघीय सरकारले घोषणा गर्नुपूर्व नै महानगरभित्रका सबै अस्पताललाई निःशुल्क उपचारका लागि समन्वय, अस्पतालका लागि आवश्यक औषधि व्यवस्थापन, नपुग स्वास्थ्यकर्मी व्यवस्थापन, रगत व्यवस्थापन, बिरामी तथा बिरामी कुरुवाका लागि निःशुल्क खाजा/खाना, अन्य आवश्यक लजिस्टिक, सुत्नका लागि म्याटलगायत अन्य सामग्रीको व्यवस्थापनमा महानगरको सचिवालय, नगर प्रहरी, स्वास्थ्यकर्मीलगायतको टिम रातदिन खटिएको बालेनले जनाएका छन् । 'उपचारका लागि अभिभावक नभएका सम्पूर्ण बिरामीको अभिभावक हाम्रो टिम बनेको थियो । अपरेसन गर्दा 'इन्फर्म्ड कन्सेट फर्म'मा समेत हाम्रो नगर प्रहरीले जिम्मेवारी लिई हस्ताक्षर गरेको छ,' उनले भनेका छन्, 'शव व्यवस्थापनका लागि परिवारलाई आउने-जाने, खानेबस्ने व्यवस्थापन पनि महानगरले गरेको थियो ।'

आममानिसको मनमा भय, भ्रम र प्रश्न उठ्नु स्वाभाविक भए पनि बिनातथ्य, डाटा विश्लेषण नगरी निष्कर्ष निकाल्ने विश्लेषकहरू र अफवाह फैलाउनेहरू संग सावधान रहन बालेनले सुझाव दिएका छन् । यस्तो कार्यले जनतालाई डर र भ्रममा राख्ने र दिनरात नभनी खट्ने टिमको मनोबल गिराउने उनको भनाइ छ । 'मिडियाका मित्रहरूमा विशेष अनुरोध,' उनले लेखेका छन्, 'कृपया सत्यतथ्य खोजेर मात्र समाचार लेख्नुहोस् । अफवाह नफैलाउनुहोस् । जनताले सही जानकारी पाउने अधिकार राख्छन् ।'

महानगरको टिम दिनरात नभनी, जिउज्यानको जोखिम मोल्दै खटिएको बताउँदै मेयर बालेनले त्यो टिमको सम्मान गर्न भनेका छन् । 'मलाई यसको कुनै जस चाहिएको छैन । कमसेकम आगो निभाउन, घाइतेको उपचार गर्न, बिरामीलाई खाना र औषधि उपलब्ध गराउन, शव व्यवस्थापन गर्न, उद्धार कार्यमा सहयोग गर्न खटिनेलाई त सम्मानजनक दृष्टिले हेर्नुहोस्,' उनले लेखेका छन् ।

## आगजनीपछि सुदूरपश्चिम प्रदेश सभा बैठक अनिश्चित

चन्द्र ऐर
२२ असोज २०८२




धनगढी । सुदूरपश्चिम प्रदेश सभाको बैठक कहिले सञ्चालन हुने हो भन्ने विषय अनिश्चित बनेको छ । जेनजी आन्दोलनका क्रममा प्रदेश सभा भवनमा भएको आगजनी र तोडफोडपछि अहिले सम्म मर्मतको काम सुरु नहुँदा बैठक बस्ने अवस्था छैन ।

गत भदौ २४ गतेको आगजनी घटनामा प्रदेश सभा भवन, सचिवालय, विषयगत समितिका कार्यालय र संसदीय दलका कोठासहितका संरचनामा ठूलो क्षति पुगेको थियो । सभामुख भीमबहादुर भण्डारीका अनुसार करिब ९० प्रतिशत संरचना पूर्ण रूपमा नष्ट भएका छन् । उहाँले भन्नुभयो, "ठाउँ नै छैन, कहाँ बसाउने ? अहिलेको अवस्थामा बैठक सम्भव छैन, मर्मतपछि मात्रै सम्भव हुन्छ ।"

सभामुख भण्डारीले मर्मत कार्य अघि बढाउन तयारी भइरहे पनि तिहार अघि काम सुरु हुने सम्भावना कम रहेको बताउनुभयो । उहाँका अनुसार, हालसम्म मर्मतको ठोस निर्णय नहुँदा नीति निर्माण र कानुन बनाउने कार्य पूर्ण रूपमा ठप्प भएको छ । प्रदेश सभाको पछिल्लो बैठक भदौ ५ गते बसेको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रारम्भिक मूल्याङ्कन अनुसार आगजनी र तोडफोडबाट करिब १२ करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ । प्रदेश सभा सचिवालयले मात्रै करिब ७ करोड रुपैयाँ बराबरका भौतिक सम्पत्ति गुमाएको जनाएको छ ।

क्षतिग्रस्त सूचिमा छ करोड ९३ लाख रुपैयाँको सम्पत्ति, दुई थान डिजिटल डिस्प्ले बोर्ड, दुई थान सोफासेट, एक थान रोष्टम, दुई थान एसी, साथै ६९ लाख ९९ हजारको मिनी बस, तीन करोड ३१ लाख रुपैयाँका जिपहरू, ७१ लाख ९५ हजारको पिकअप भ्यान, र आठ लाख २६ हजार बराबरका मोटर साइकलहरू जलेर नष्ट भएका छन् । सभामुख भण्डारीका अनुसार, अहिले मर्मत कार्यको बजेट र ठेक्का प्रक्रियाबारे छलफल भइरहेको छ । तर तत्काल बैठक सञ्चालन गर्ने विकल्प नभएकाले प्रदेश सभाको नियमित गतिविधि पुनः सुरु हुन केही समय लाग्ने भएको छ । "मर्मत बिना बैठक बसाउने ठाउँ छैन, त्यसैले सबै प्रक्रिया तिहारपछि मात्र अगाडि बढ्नेछ," सभामुख भण्डारीले भन्नुभयो ।

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमदत्तपुर, डडेल्धुरा

लोक पृय पत्रिका लाल बिगूल राष्ट्रिय दैनिक अव प्रत्येक दिन www.lalbigul.com मा बिहान ई- पत्रिकामा पनि उपलब्ध छ ।

## सम्पादकीय

# "फेरि मौसमले साथ दिएन"

देशभर किसान अहिले चिन्तामा छन् । खेतमा पाकेर झुलिसकेको धानबाली समयमै भित्र्याउन नपाउँदा उनीहरूको वर्षभरको पसिना पानीमा बग्दै छ । बर्खे धान पाकिसके पनि असमयको वर्षा र अनिश्चित मौसमका कारण धेरै ठाउँमा काट्न सकिएको छैन । कतिपयले काटेर खेतमै सुकाइराख्दा फेरि पानीले भिजाएर बाली नष्ट गरेको छ ।

जल तथा मौसम विज्ञान विभागले मनसुन निष्क्रिय भइसकेको जनाए पनि स्थानीय वायुको प्रभावले अझै वर्षा हुने सम्भावना देखाइरहेको छ । यसले किसानको चिन्ता झन् बढाएको छ । फूलपातीदेखि दशैंपछिसम्मको समय सामान्यतया धान भित्र्याउन उपयुक्त मानिन्छ, तर पछिल्ला वर्षहरूमा यो समयमै वर्षा हुने क्रम दोहोरिँदै आएको छ । यसले किसानलाई अनिश्चितता र क्षतिको चक्रमा फसाइरहेको छ ।

धान नेपालमा केवल अन्न होइन । त्यो किसानको जीवन, संस्कार र अस्तित्वसँग गाँसिएको बाली हो । खेतमा पाकेको धानलाई हेर्दा गर्व महसुस गर्ने किसान अहिले आकाशतिर हेरेर डर मानिरहेका छन् । यस्तो अवस्थामा राज्यको मौनता र तयारीको कमी अझै दुखद लाग्छ । हरेक वर्ष यस्तै समस्या दोहोरिँदा पनि दीर्घकालीन समाधानको प्रयास नदेखिनु राज्यका शासकको लापरबाही हो ।

सुदूरपश्चिममा मात्रै झण्डै दुई लाख हेक्टर जमिनमा धानखेती हुने गरेको तथ्यांक छ । तीमध्ये धेरै किसान परम्परागत तरिकामा खेती गर्छन् । आधुनिक भण्डारण, सुकाउने प्रविधि र मौसमसम्बन्धी सचेतना नहुँदा उनीहरू प्राकृतिक जोखिमका सीधा भुक्तभोगी बनेका छन् । जलवायु परिवर्तन अब कुनै वैज्ञानिक चर्चा मात्र रहेन, यो गाउँको खेतमा प्रत्यक्ष देखिने संकट बनिसकेको छ । कहिले असामयिक वर्षा, कहिले लामो खडेरी हरेक रूपले किसानको श्रममाथि प्रहार भइरहेको छ ।

सरकारले प्रत्येक वर्ष "कृषि प्राथमिक क्षेत्र हो" भनेर भाषण गर्छ, तर किसानको समस्या समाधान गर्ने ठोस कदम उठाउँदैन । जलवायु अनुकूलनका योजना बने पनि तिनीहरू कागजमै सीमित छन् । बाली बीमा कार्यक्रम, जलवायु सूचना प्रणाली, र आधुनिक सुकाउने संरचनाहरू ग्रामीण तहसम्म नपुगुन्जेल किसानको अवस्था यस्तै रहिरहनेछ ।

अब आवश्यक छ कृषिलाई केवल उत्पादनको विषय होइन, जलवायु प्रतिरोधी प्रणालीका रूपमा हेर्ने दृष्टिकोण । राज्यले किसानलाई मौसम जोखिमबीच पनि सुरक्षित महसुस हुने व्यवस्था गर्नुपर्छ । खेतीसँगै मौसम पूर्वानुमान सूचना प्रणाली, भण्डारण संरचना र तत्काल राहतको संयन्त्र मजबुत बनाउनुपर्छ ।

धानको बालीमा परेको असमयको पानी केवल किसानको क्षति होइन यो सम्पूर्ण कृषि प्रणालीको माथिको चेतावनी हो । हरेक वर्ष जस्तै यस वर्ष पनि खेतमा झुलिसकेको सुनौलो धान वर्षाको पानीमा ढलेर गयो भने, त्यसको अर्थ केवल अन्नको घाटा होइन, देशको आत्मनिर्भरता र किसानको आत्मसम्मानमा चोट हो ।

अब राज्य र समाज दुवैले यो यथार्थ बुझ्नुपर्छ जलवायु परिवर्तनको प्रहार रोक्न सकिँदैन, तर त्यसको प्रभाव घटाउन सकिन्छ । यो कुरा तब मात्र सम्भव हुन्छ जब किसानका दुःखलाई सरकारले आफ्नो प्राथमिकता ठान्छ । अन्यथा, हरेक वर्षको जस्तै किसान फेरि आकाशतिर हेरेर भन्न बाध्य हुनेछ "फेरि मौसमले साथ दिएन ।" यही वाक्य हाम्रो योजनाको असफलताको सबैभन्दा ठूलो प्रमाण हो ।




# जेन-जी आन्दोलनपछिको निजी क्षेत्र



**जेन-जी आन्दोलनले नेपालको निजी क्षेत्रमा कस्तो प्रभाव पार्‍यो र मुलुकको समग्र अर्थतन्त्र भविष्यमा कसरी अघि बढ्नेछ भन्ने अहं प्रश्न उद्योगी-व्यवसायीमा उब्जिएको छ ।**

हरि गौतम

आधुनिक नेपालको सुरुवातदेखि नै मुलुकमा सधैं राजनीतिक पक्ष हाबी भयो । राज्यसत्ता सञ्चालनमा आर्थिक पक्ष कहिल्यै पनि प्राथमिकतामा परेन । चाहे २००७ सालको क्रान्तिदेखि २०१६ सालसम्मको राजनीतिक अस्थिरताको अवस्थामा होस् अथवा २०१७ सालदेखि २०४६ सालसम्मको पञ्चायती शासनमा होस्, आर्थिक कुराले प्राथमिकता पाएन ।

२०४६ को आन्दोलनपछि नेपाली कांग्रेसले बहुमत प्राप्त गरी गठन गरेको सरकारले आर्थिक सुधारको थालनी त गर्‍यो, त्यो सरकारको नेतृत्वको अदूरदर्शिताका कारण साढे तीन वर्षमै संसद् भङ्ग भयो । मध्यावधि चुनावपछि कुनै पनि राजनीतिक दलले बहुमत प्राप्त गर्न नसकेकाले पुनः नयाँ चरणमा मुलुक अस्थिरताको दलदलमा फस्यो । यसैबिच २०५२ फागुन १ गतेदेखि माओवादीले सुरु सशस्त्र विद्रोह गर्‍यो, जसकारण देशको अर्थतन्त्र थप अस्थिरता र अराजकतातर्फ गयो । त्यतिबेला सैनिक तथा प्रहरीको संख्या बढाउन र सशस्त्र प्रहरीको गठन आदिमा खर्च गर्ने प्रवृत्ति बढ्यो, जहाँ बिचौलियाको प्रभाव र राजनीतिक नेतृत्वको स्वार्थ पनि त्यसैबाट पूरा हुन्थ्यो । अर्थात् माओवादी सशस्त्र द्वन्द्वको ११ वर्ष पनि मुलुक चरम राजनीतिक तथा आर्थिक अस्थिरताबाट गुज्रियो ।

२०६३/६४ को दोस्रो जनआन्दोलनले पुनः एकपटक राजनीतिक परिवर्तन ल्यायो । मुलुक गणतन्त्रात्मक शासन व्यवस्थामा रूपान्तरण भयो तर संविधान बनाउन लागेको करिब ९ वर्ष लामो संक्रमणकाल र त्यसमा लागेको अर्बौं खर्च, बढ्दो आर्थिक अराजकता, भ्रष्टाचार, आर्थिक अवस्था निराशाजनक नै रह्यो ।

२०७२ सालमा नेपालको संविधान जारी भई २०७४ भएको आमनिर्वाचनपछि मुलुकमा राजनीतिक स्थायित्वका साथै आर्थिक स्थिरता हुने, सुशासन कायम हुने, भ्रष्टाचारको न्यूनीकरण हुने र शासनमा पारदर्शिता कायम हुने आशा नेपाली जनताले लिएका थिए तर त्यस्तो भएन । झन्डै दुईतिहाइ बहुमत प्राप्त गरेको नेपाल कम्युनिस्ट पार्टीको सरकार आपसी शक्ति संघर्षमा फस्यो । सुशासनको कहीँकतै प्रत्याभूति दिन सकेन ।

कानुन बनाएर गर्ने नीतिगत तथा संस्थागत भ्रष्टाचार, सिन्डिकेट बनाएर गरिने भ्रष्टाचार र बिचौलियाको बिगबिगी ज्यादै बढ्यो । राजनीतिक नेतृत्वलाई मुलुकको आर्थिक अवस्था सुधारभन्दा पनि पैसा भएपछि जे पनि गर्न सकिन्छ; चुनाव जित्न र राजनीतिक दलमा पकड बनाउन पनि पैसा चाहिन्छ भन्ने भ्रम नेतृत्वमा सिर्जना हुन थाल्यो । फलतः सरकारमा बसेर कमाउन पाउने र नपाउने नेतृत्वबिच बढेको अन्तरद्वन्द्वले सरकार नै ढल्न पुग्यो ।

जनताले आस गरेको राजनीतिक स्थिरता र त्यसका माध्यमबाट द्रुततर आर्थिक विकासको एजेन्डा ओझेलमा पर्‍यो । २०७९ सालको आमनिर्वाचनमा कुनै राजनीतिक दलले बहुमत प्राप्त गर्न सकेन तर पनि संसदमा फराकिलो अन्तरसहित तेस्रो स्थानमा रहेको माओवादीले सरकार बनाउन सफल भयो, त्यो सरकार पनि अस्थिर नै रह्यो र विनाकुनै कारण नेपाली कांग्रेससँगको गठबन्धन तोडी नेकपा एमालेसँग गठबन्धन गर्न पुग्यो । पुनः यो सरकार पनि स्थिर रहन सकेन र केपी शर्मा ओलीको नेतृत्वमा गठबन्धन (कांग्रेस-एमाले) सरकार गठन भयो ।

जेन-जी आन्दोलनले नेपालको निजी क्षेत्रमा कस्तो प्रभाव पार्‍यो र मुलुकको समग्र अर्थतन्त्र भविष्यमा कसरी अघि बढ्नेछ भन्ने अहं प्रश्न उद्योगी-व्यवसायीमा उब्जिएको छ । यस गठबन्धन सरकार बनेसँगै मुलुकमा अर्थतन्त्र सुध्रिने, बढ्दो चालु खर्च घट्ने, पुँजीगत खर्च बढ्ने, सुशासन कायम हुने, भ्रष्टाचारको न्यूनीकरण हुने आशा आमजनताले लिएका थिए । देशको बिग्रँदो अर्थतन्त्रका कारण वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढ्दै थियो, तर मौजुदा शासकीय सुधार, संविधान संशोधन, सुशासन, भ्रष्टाचारको न्यूनीकरण, दीर्घकालीन आर्थिक नीतिका माध्यमबाट अर्थतन्त्रमा सुधार गर्नुको सट्टा सरकार बिचौलिया, दलाल, भ्रष्ट कर्मचारी, सिन्डिकेटधारी भ्रष्टहरूको सेवामै तल्लीन रह्यो । मन्त्रीहरूले भ्रष्टाचार गर्ने तर कुनै कारबाही नहुने, कानुन सबैलाई समान रूपमा लागु नहुने र यस्ता विषयमा प्रधानमन्त्री बिल्कुल गम्भीर नहुनेजस्ता थुप्रै समस्या देखिए ।

यसै बेला जेन-जी युवाले सुशासन, भ्रष्टाचारको अन्त्य, शासनमा पारदर्शिता, शासनमा पुस्तान्तरण आदि माग गरी आन्दोलन गरे । सामाजिक सञ्जालमा अभियान नै चलाए । उनीहरूको मुख्य माग संविधान संशोधन वा व्यवस्था परिवर्तन थिएन, केवल शासनमा व्यापक सुधार गर्नु थियो । यस्तै अवस्थामा सरकारले युवा आक्रोशमा घिउ थप्ने काम गरी मुलुकमा सञ्चालित २६ वटा सामाजिक सञ्जाल बन्द गरी जेन-जी युवालाई सडकमा आउने वातावरण बनायो ।

युवाले आफूले गर्ने भनेको आन्दोलन शान्तिपूर्ण हुने भनेका थिए, तर सरकारको असहिष्णुताले गर्दा आन्दोलन शान्तिपूर्ण हुन सकेन । जेन-जीको ब्यानरमा सुरु भएको आन्दोलनलाई केही स्वार्थ समूहले हिंस्रक बनाए । आन्दोलनलाई हिंस्रक बनाउन कुन कुन तत्त्व थिए र उनीहरूको उद्देश्य के थियो भन्नेतर्फ अहिले नजाऔँ, त्यो छुट्टै अध्ययनको विषय हो, तर भदौ २४ गतेको आन्दोलनबाट मुलुकको अपूरणीय क्षति भयो । आन्दोलन हिंस्रक बनाउन लागिपरेका अवाञ्छित तत्त्वलाई कानुनी कारबाही नगर्ने हो भने भविष्यमा समेत दण्डहीनताले प्रश्रय पाई राज्यशक्ति थप कमजोर हुनेछ ।

जेन-जी भाइबहिनीले पनि आन्दोलनको शान्तिपूर्ण पक्षसम्मलाई मात्र जिम्मा लिनुपर्छ र हिंसात्मक पक्षमाथि कानुनी कारबाही गर्न सरकारलाई सहयोग गर्नुपर्छ ।

जेन-जी आन्दोलनले नेपालको निजी क्षेत्रमा कस्तो प्रभाव पार्‍यो र मुलुकको समग्र अर्थतन्त्र भविष्यमा कसरी अघि बढ्नेछ भन्ने अहं प्रश्न उद्योगी-व्यवसायीमा उब्जिएको छ । यो आन्दोलनले ठुला औद्योगिक प्रतिष्ठान, व्यापारिक प्रतिष्ठानमाथि अनाहकमा टार्गेट गरी तोडफोड, आगजनी गरेको छ ।

भविष्यमा एक उद्योगपतिले आफू र आफ्नो उद्योग सुरक्षित हुँदैन भने किन उद्योग लगाउने भन्ने अहं प्रश्न खडा गरेको छ । आन्दोलनका दौरान निजी क्षेत्र ठुलो मानसिक तनावमा हुनु त स्वाभाविकै थियो, भौतिक रूपमा पनि एक खर्बभन्दा बढीको नोक्सान भएको छ । यसले मुलुकमा थप गरिबी बढाएको छ, रोजगारी घटाएको छ, देशलाई पर निर्भरतातर्फ धकेलेको छ । मुलुकमा वैध कारोबार गरेर राष्ट्रिय पुँजीपति बनी सरकारलाई बढीभन्दा बढी कर तिर्ने र आफ्नो कारोबार पनि विस्तार गर्ने भन्ने मान्यतालाई कुण्ठित तुल्याएको छ । वैदेशिक लगानी आउने बाटो बन्द गरेको छ ।

उद्योग-व्यवसायका लागि पहिलो सर्त भनेको आफ्नो लगानीको सुरक्षा र शान्तिपूर्वक काम गर्न पाउने वातावरण सिर्जना गर्नु हो । त्यस्तो वातावरणलाई यस आन्दोलनले खलबल्याएको छ । यस्ता घटना पुनः नदोहोरिने कुरामा विश्वास गर्ने ठाउँ छैन । यसै त उद्योगी-व्यवसायी वर्षौंदेखिको यस क्षेत्रमा सरकारको न्यून प्राथमिकता, सुशासनको कमी, बढ्दो भ्रष्टाचार, ढिलासुस्ती, भ्रष्ट नोकरशाही प्रवृत्तिले हैरान थिए; वैदेशिक लगानी खास गरी उत्पादनमूलक क्षेत्रमा ज्यादै न्यून थियो; करको दर अत्यधिक थियो; श्रम समस्या, महँगो बिमा प्रिमियम, राज्यका हरेक निकायमा सिन्डिकेट खडा गरी गरिने शोषणबाट उनीहरु पीडामै थिए । यस आन्दोलनले उनीहरूलाई थप असुरक्षित बनायो ।

अब के गर्ने त ? अहिले जे हुनु भइगयो । जेन-जीको आन्दोलन शान्तिपूर्ण रहेको भए उद्योगी-व्यवसायी र उनीहरूका माग समान थिए । मुलुकमा सुशासन होस्, भ्रष्टाचार न्यून होस्, पारदर्शी शासन होस्, उद्योग-व्यवसायको विकास गरी थप रोजगारी सिर्जना गरियोस्, सबै काम पेपरलेस र व्यक्तिको अनुहार नहेरी आधुनिक प्रविधिकै माध्यमबाट सम्पन्न गरियोस् भन्ने कसले चाहँदैन ? यी माग पूरा गर्ने नाममा जुन हिंसात्मक गतिविधि भए, निर्दोष उद्योगपतिको सम्पत्ति जलाइयो, त्यस्ता हिंस्रक कार्य गर्नेलाई कानुनी कारबाही गर्न जेन-जी युवाले सरकारसँग तत्काल माग गर्नुपर्छ । सरकारले पनि भविष्यमा शान्ति-सुरक्षा दिलाउने प्रतिबद्धतासहित २० वर्षे दीर्घकालीन उदार आर्थिक नीति ल्याई तदनुरूप कार्य गर्ने हो भने अहिलेको आलो घाउ क्रमशः बिसँदै उद्योगीहरू पुनः उद्योग सञ्चालन प्रवर्धनमा आउनेछन् । अबको बल जेन-जी र सरकारको कोर्टमा छ ।

**लागु औषधमुक्त समाजको निर्माण गरौं**
**लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं। !**

सुदुरपश्चिम प्रदेश सरकार
समाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय डडेल्धुरा

## डिलाशैनी गाउँपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

डिलाशैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलाशैनी, बैतडी

लाल बिगूल राष्ट्रिय दैनिक
२०८२ साल असोज २२ बुधवार
सुचना/समाचार
३

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेत सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**

**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले भिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## साईपाल गाउँपालिका बभाङको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं । आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**साईपाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काडा, बभाङ**

## स्वास्थ्य शाखाको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने भ्काडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

**स्वस्थ्य शाखा**
**अमरगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अमरगढी डडेल्धुरा**

# कांग्रेसमा विशेष महाधिवेशन बहस ७७ ओटै जिल्लामा हस्ताक्षर संकलन

बिगूल समाचार
२२ असोज २०८२




कांग्रेसमा 'विशेष महाधिवेशन' बहस नेपाली कांग्रेसभित्र विशेष महाधिवेशनको बहस तीव्र रूपमा उठेको छ । भदौ २३ र २४ गतेको उथलपुथलकारी जेनजी आन्दोलनको रापतापमा सबै पार्टीभित्र नेतृत्वसँगै साङ्गठानिक रूपान्तरणको बहस भइर हँदा कांग्रेसमा पनि विशेष महाधिवेशनका सन्दर्भमा दुईधार देखिएको हो ।

सभापति शेरबहादुर देउवा पक्षले फागुन २१ गतेको निर्वाचनपछि नियमित महाधिवेशन गर्ने अडान लिएको छ तर महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा नेता डा. शेखर कोइराला पक्षले विशेष महाधिवेशन गरेर नयाँ नेतृत्वमा निर्वाचनमा जानुपर्ने माग राखेर हस्ताक्षर अभियान सञ्चालन गरिरहेको छ । सहमहामन्त्री महेन्द्र यादवले फागुन २१ गते निर्वाचन हुने घोषणा भइसकेकाले विशेष महाधिवेशन र नियमित महाधिवेशन गर्न नसकिने दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "कांग्रेस एकढिक्का भएर निर्वाचनमा जानु पर्छ । त्यसपछि नियमित महाधिवेशन गर्नु पर्छ, किनभने नयाँ नेतृत्व चयन गरेर पनि निर्वाचनमा कांग्रेसको पक्षमा माहोल बन्न सकेन भने त्यसको कुनै अर्थ रहँदैन ।"
सहमहामन्त्री यादवले सभापति देउवाकै नेतृत्वमा निर्वाचनमा जाने कि कार्यवाहक तोक्ने भन्ने विषयमा असोज २६ गते बस्ने केन्द्रीय कार्यसमिति बैठकले निर्णय गर्ने बताउनुभयो। उहाँले सभापति देउवाको दोस्रो कार्यकाल १५ औँ महाधिवेशनसँगै सकिने भएकाले पार्टीलाई आन्तरिक रूपमा बलियो बनाउनका लागि 'जे निर्णय गरिए पनि सर्वसम्मत' गरिने प्रस्ट पार्नुभयो ।

नेता गुरुराज घिमिरेले ७७ वटै जिल्लामा हस्ताक्षर अभियान सञ्चालन भइरहेको र केन्द्रीय कार्यसमिति बैठकअगाडि नै सभापति देउवालाई सङ्कलित हस्ताक्षर बुझाइने बताउनुभयो। उहाँले भन्नुभयो, "विशेष महाधिवेशनका लागि चाहिने ४० प्रतिशत हो तर सजिलै ५१ प्रतिशत पुग्छ । त्यसपछि केन्द्रीय कार्यसमिति बैठकले विशेष महाधिवेशनको मिति तोक्नु पर्छ भन्ने हाम्रो माग हो ।" नेता घिमिरेले नीति, नेतृत्व, संरचना, निर्वाचन प्रणाली बदलनुपर्ने आवश्यकतालाई दृष्टिगत गरेर नै हस्ताक्षर अभियान सञ्चालन गरिएको बताउनुभयो ।


## दशरथचन्द नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**दशरथचन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा गढी, बैतडी**



## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**



## मेलौली नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिका
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मलौली, बैतडी**



## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिका
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मणिलेक, डडेल्धुरा**



## सिगास गाउँपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**सिगास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गर्जे, बैतडी**


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा